## शीघ्र सुधारात्मक कारवाही लागू भएको सम्वन्धमा नेपाल राष्ट्र बैंकको

## प्रेस विज्ञप्ति

यही २०६५ कात्तिक १ गतेदेखि लागू हुने गरी नेपाल राष्ट्र बैंकले शीघ्र सुधारात्मक कारवाही (Prompt Corrective Action, PCA) सम्वन्धी व्यवस्था लागू गरेको व्यहोरा सम्वन्धित बैंक तथा वित्तीय संस्थाहरुलाई यस अघि नै जानकारी गराई सकिएको छ । जस अनुसार “क”, “ख” र “ग” बर्गका यस बैंकबाट इजाजतपत्र प्राप्त कुनै पनि बैंक तथा वित्तीय संस्थाले तोकिए वमोजिमको पूंजीकोष कायम नगरेमा सो संस्था उपर उक्त कारवाही तत्कालै लागू हुने व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराइन्छ । Prompt Corrective Action सम्वन्धी विस्तृत विवरण नेपाल राष्ट्र बैंकको वेबसाइट www.nrb.org.np मा उपलव्ध छ ।

### शीघ्र सुधारात्मक कारवाहीको संक्षिप्त व्यहोरा

१. इजाजतपत्र प्राप्त संस्थाको पूँजीकोष, यस बैंकद्वारा तोकिएको न्युनतम पूँजीकोष अनुपात भन्दा दुई प्रतिशतसम्मको बिन्दुले कम भएमा लाभांश तथा बोनस शेयर घोषणा गर्न रोक लगाउने लगायतका कारवाही हुने ।

२. इजाजतपत्र प्राप्त संस्थाको पूँजीकोष, यस बैंकद्वारा तोकिएको न्युनतम पूँजीकोष अनुपात भन्दा दुई देखि  चार प्रतिशतसम्मको बिन्दुले कम भएमा कर्जा कारोवारमा सीमा कायम गरिने लगायतका कारवाही हुने ।

३. इजाजतपत्र प्राप्त संस्थाको पूँजीकोष, यस बैंकद्वारा तोकिएको न्युनतम पूँजीकोष अनुपात भन्दा चार देखि  छ प्रतिशतसम्मको  बिन्दुले कम भएमा थप निक्षेप खाता खोल्न तथा कर्जा प्रवाहमा प्रतिबन्ध लगाउने लगायतका कारवाही हुने ।

४. इजाजतपत्र प्राप्त संस्थाको पूँजीकोष, यस बैंकद्वारा तोकिएको न्युनतम पूँजीकोष अनुपात भन्दा छ देखि आठ प्रतिशतसम्मको बिन्दुले कम भएमा तलब भत्ता तथा अन्य आर्थिक सुविधा बृद्धि, नयाँ कर्मचारी भर्ना तथा बढुवा गर्नमा रोक लगाउने लगायतका कारवाही हुने ।

५. इजाजतपत्र प्राप्त संस्थाको पूँजीकोष, यस बैंकद्वारा तोकिएको न्युनतम पूँजीकोष अनुपात भन्दा आठ प्रतिशत बिन्दु वा सो भन्दा बढी बिन्दुले कम भएमा बैंक/वित्तीय संस्थालाई समस्याग्रस्त घोषणा गरी ऐनको दफा ८६ अनुरुपको कारवाही प्रारम्भ गर्ने तथा समस्याग्रस्त घोषणा गरेको छ महिनासम्ममा पनि पूँजीकोष पर्याप्त नभएमा बैंक/वित्तीय संस्थाको इजाजतपत्र रद्द गर्ने वा खारेजीको प्रक्रिया शुरु गर्ने ।

शीघ्र सुधारात्मक कारवाही सम्वन्धी यस व्यवस्थाबाट सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुको पूंजीकोषको अवस्था सुदृढ भई समग्र वित्तीय स्थायित्वमा सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

मिति : - २०६५।७।६